काँक्रेविहार

कर्णाली प्रदेशको पहिलो दैनिक

राष्ट्रिय दैनिक

www.kankrebihar.com



❐ वर्ष : २५ ❐ अंक : २२३ ❐ मंगलवार, १२ जेठ, २०८३ ❐ Tuesday, 26 May 2026 ❐ नेपाल संवत ११४६ ❐ पृष्ठ : ४ ❐ मूल्य : रू. १०

गणतन्त्र दिवसमा बोलिदिन अनुरोध गर्दै राष्ट्रपतिलाई प्रधानमन्त्रीले पठाए पत्र

❐ काँक्रेविहार संवाददाता

काठमाडौं, ११ जेठ



गणतन्त्र दिवस (१५ जेठ)का दिन सैनिक मञ्च टुँडिखेलमा सम्बोधन गरिदिन प्रधानमन्त्री वालेन्द्र शाह (बालेन)ले राष्ट्रपति रामचन्द्र पौडेललाई पत्र पठाएका छन् ।

मन्त्रिपरिषद्को बैठकले निर्णय गर्दै गणतन्त्र दिवसमा बोलिदिन प्रधानमन्त्री कार्यालयको पत्र राष्ट्रपति कार्यालय शीतलनिवास पुगेको हो ।

'क्याबिनेटले निर्णय गरेर गणतन्त्र दिवसको दिन बोलिदिन अनुरोध गर्दै पत्र शीतलनिवास पुगेको छ,' स्रोतका अनुसार, 'गणतन्त्र दिवसमा यसअघि प्रधानमन्त्रीहरूले सम्बोधन गर्ने अभ्यास थियो । तर, यसपटक राष्ट्रपतिले सम्बोधन गर्नुहुन्छ ।'

पत्रमा गणतन्त्रको प्रतीक नै राष्ट्रपति हुने भएकोले सम्बोधन गरिदिन अनुरोध गरिएको पत्र शीतलनिवास पुगेको हो ।

प्रधानमन्त्री भएदेखि नै बालेनले सार्वजनिक कार्यक्रमलाई सम्बोधन गरेका छैनन् ।

क्रियाशील सदस्यता अद्यावधिक गर्न कांग्रेसले तोक्यो विशेष जिम्मेवारी

❐ काँक्रेविहार संवाददाता

काठमाडौं, ११ जेठ

नेपाली कांग्रेस सदस्यता व्यवस्थापन केन्द्रीय समितिको बैठकले १५औं महाधिवेशनको तयारीलाई तीव्र बनाउने निर्णय गरेको छ । समितिका संयोजक महामन्त्री प्रदीप पौडेलको अध्यक्षतामा पार्टी केन्द्रीय कार्यालयमा बसेको बैठकले क्रियाशील सदस्यता अद्यावधिकलाई सहज र द्रुत बनाउन सातै प्रदेशमा केन्द्रीय पदाधिकारी तथा केन्द्रीय सदस्यलाई विशेष जिम्मेवारी तोकेको छ । निर्णयअनुसार डिला संग्रौलालाई कोशी, बहादुरसिंह लामालाई बागमती, उदयशमशेर राणालाई सुदूरपश्चिम, मुक्ताकुमारी यादवलाई गण्डकी, जानकी सिंहलाई कर्णाली, देवराज चालिसेलाई मधेश तथा अमरसिंह पुनलाई लुम्बिनी प्रदेशको जिम्मेवारी दिइएको छ । बैठकले १५औं महाधिवेशनका लागि नयाँ क्रियाशील सदस्यता वितरण तथा विभिन्न कारणले नवीकरण हुन नसकेका सदस्यहरूको सदस्यता नवीकरण गरी केन्द्रीय प्रणालीमा प्रविष्ट गर्ने कार्य २०८३ जेठ २१ गतेभित्र सम्पन्न गर्ने निर्णय पनि गरेको छ । कांग्रेसले संगठन सुदृढीकरण र महाधिवेशन तयारीलाई लक्षित गर्दै सदस्यता व्यवस्थापनलाई प्राथमिकतामा राखेको जनाएको छ ।

बेरूजुको अखडा बन्यो भौतिक मन्त्रालय

❐ काँक्रेविहार संवाददाता

सुर्खेत, ११ जेठ



कर्णाली प्रदेश सरकारको भौतिक पूर्वाधार तथा शहरी विकास मन्त्रालय बेरुजुको अखडा बन्दै गएको छ । महालेखापरीक्षकको आठ औं प्रतिवेदनअनुसार सबैभन्दा धेरै बेरुजु यस मन्त्रालयको छ ।

आर्थिक वर्ष २०८१/०८२ सम्म आइपुग्दा यस मन्त्रालयको बेरुजु ३९ करोड २७ लाख ७० हजार रुपैयाँ छ । यो कुल बेरुजुको ५०.७७ प्रतिशत हो । प्रदेशको भौतिक पूर्वाधार निर्माणको जिम्मेवारी पाएको विकासी मन्त्रालयमा बेरुजुको यति ठूलो ग्राफले मन्त्रालयको पारदर्शितामाथि नै प्रश्न उठाइरहेको छ ।

वार्षिक बजेट धेरै हुने भौतिक मन्त्रालयको बजेट कार्यान्वयन गर्ने क्षमतासमेत सन्तोषजनक छैन । यस्तै सामाजिक विकास मन्त्रालय बेरुजु धेरै हुने निकायको दोस्रो नम्बरमा छ । सामाजिक विकास मन्त्रालयको बेरुजु १७ करोड ६९ हजार ५६ रुपैयाँ छ । यो कुल बेरुजुको २२.८८ प्रतिशत हो ।

भने आन्तरिक मामिला तथा कानुन मन्त्रालयको नाममा नौ करोड २५ लाख ५४ हजार बेरुजु छ । यस मन्त्रालयको बेरुजु प्रतीत ११.९७ प्रतिशत छ । यस्तै जलस्रोत तथा ऊर्जा विकास मन्त्रालयको नाममा चार करोड २१ लाख ६९ हजार अर्थात् ५.४५ प्रतिशत बेरुजु रकम छ । भने उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयको हालसम्मको बेरुजु दुई करोड ९१ लाख छ । पर्यटन मन्त्रालयमा कुल बेरुजुरुको प्रतिशत ३.७६ छ ।

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २ (त) र प्रदेशको यससम्बन्धी कानुनमा, प्रचलित कानुनबमोजिम पुऱ्याउनुपर्ने रीत नपुऱ्याई कारोबार गरेको, राख्नुपर्ने लेखा नराखेको तथा अनियमित वा बेमनासिब तरिकाले आर्थिक कारोबार गरेको भनी लेखापरीक्षण गर्दा औंल्याएको वा ठहऱ्याएको कारोबारलाई बेरुजुको रूपमा परिभाषित गरेको छ ।

कर्णाली प्रदेश सरकार र मातहतका निकायमा अझै पनि बेरुजुको ग्राफ घट्नुको साटो बढ्दै गएको हो । महालेखापरीक्षकको कार्यालयले हालै सार्वजनिक गरेको उक्त प्रतिवेदनमा प्रदेश सरकार र मातहतका निकायले वित्त व्यवस्थापनको पाटोलाई चुस्त बनाउन नसकेको उल्लेख छ । प्रदेश सरकार स्थापना भएयताका बर्सेनि बेरुजुको ग्राफ उकालो लाग्दै गएको देखिन्छ । सार्वजनिक विवरणअनुसार आर्थिक वर्ष २०८१/०८२ सम्म आइपुग्दा कर्णालीको कुल बेरुजु चार अर्ब रुपैयाँ नाघेको छ । गत वर्ष मात्रै कर्णालीमा ७७ करोड अर्थात् २.०८ प्रतिशतले बेरुजु थप भएको हो । यो आर्थिक वर्ष २०८०/०८१ को तुलनामा दोब्बरले बढी छे । यस आर्थिक वर्षमा १.२२ प्रतिशत बेरुजु थियो ।

तथ्यांकअनुसार प्रदेशका सरकारी कार्यालय र समिति तथा अन्य संस्थातर्फ गत वर्षसम्मको बेरुजु चार अर्ब १२ करोड ५ लाख ८४ हजारमध्ये १७ करोड ६४ लाख ५८ हजार सम्परीक्षणबाट लगत कट्टा हुँदा एक करोड ७९ लाख १९ हजार बेरुजु थप भएको थियो । यसरी विगतको खुद बाँकी बेरुजु तीन अर्ब ९६ करोड २० लाख ४५ हजारमा गत वर्षको थप ७७ करोड ३५ लाख ६२ हजारसमेत अद्यावधिक बेरुजु चार अर्ब ७३ करोड ५६ लाख ७ हजार फछ्र्योट हुन बाँकी छ । गत आर्थिक वर्ष २०८१/०८२ मा प्रदेशका एक सय ३७ सरकारी कार्यालय र समिति तथा अन्य संस्थासमेतको ३७ अर्ब १९ करोड ८० लाख ७६ हजारको लेखापरीक्षण गरिएको थियो । जसमा प्रारम्भिक प्रतिवेदनबाट ७८ करोड ७२ लाख ८२ हजार बेरुजु देखिएको छ । सोमध्ये प्रतिवेदन अवधिसम्म एक करोड ४५ लाख ७९ हजार (कुल बेरुजुको १.८५ प्रतिशत) सम्परीक्षण गराउँदा ८ लाख ५९ हजार थप बेरुजु कायम भई ७७ करोड ३५ लाख ६२ हजार फछ्र्योट हुन बाँकी रहेको महालेखाको प्रतिवेदनमा उल्लेख छ ।

कर्णाली प्रदेश सरकार र यसका निकायको सार्वजनिक वित्त व्यवस्थापनलाई चुस्त बनाउन प्रदेशसभा अन्तर्गतको सार्वजनिक लेखा समितिले विभिन्न समयमा सरकारलाई सुझाव र निर्देशन दिने गरेको छ । तर समितिका सुझाव र निर्देशन पालना गर्न र गराउनमा भने प्रदेश सरकार चुकेको समितिका सभापति विन्दमान विष्ट बताउँछन् ।

समिति संसदीय निगरानी र प्रतिवेदन अध्ययनमा अन्य प्रदेशभन्दा अगाडि रहे पनि विशेषगरी मन्त्रालयहरू आर्थिक अनुशासन कायम गर्न र बेरुजु घटाउन दिइएका सुझावहरूको कार्यान्वयनमा उदासीन देखिएको विष्टको भनाइ छ । समितिले सरकारलाई प्रदेशसभाप्रति उत्तरदायी र जवाफदेही बनाउन प्रदेश सरकारबाट भए गरेका काम कारबाहीको अनुगमन र मूल्यांकन गरी आवश्यक निर्देशन वा राय सल्लाह दिने गरको हो ।

सर्वोच्चले भन्यो- देउवा दम्पतीलाई पक्राउ नगर्नू

❐ काँक्रेविहार संवाददाता

काठमाडौं, ११ जेठ



सर्वोच्च अदालतले पूर्वप्रधानमन्त्री शेरबहादुर देउवा र उनकी पत्नी तथा पूर्वमन्त्री आरजु राणा देउवालाई पक्राउ नगर्न अन्तरिम आदेश जारी गरेको छ ।

न्यायाधीशहरू महेश शर्मा पौडेल र नित्यानन्द पाण्डेयको इजलासले देउवा दम्पतीलाई पक्राउ नगर्न अन्तरिम आदेश जारी गरेको हो । सम्पत्ति शुद्धीकरणको मुद्दामा सर्वोच्चले यस्तो आदेश दिएको हो ।

यसअघि जेठ ५ गते न्यायाधीश मेघराज पोखरेलको इजलासले कारण देखाउ आदेश जारी गर्दै अन्तरिम आदेशको लागि दुवै पक्षलाई छलफलमा बोलाएको थियो ।

सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागले यो प्रकरणमा अनुसन्धानका लागि जिल्ला अदालत काठमाडौंबाट पक्राउ गर्न अनुमति लिइसकेको छ ।

तर, निवेदक पक्षले भने अन्य अपराधमा अनुसन्धान नभएको अवस्थामा सम्पत्ति शुद्धीकरणको मात्र कसुर हेर्ने क्षेत्राधिकार विशेष अदालतको भएको तर्क गर्दै जिल्ला अदालतबाट पक्राउ पुर्जी जारी गरिएकोमा कानुनी प्रश्न उठाएका रिट दायर गरेका थिए ।

बाजुरा-हुम्ला विवाद :

लाम्पाटा क्षेत्रमा खटिए सुरक्षाकर्मी

❐ काँक्रेविहार संवाददाता

सुर्खेत, ११ जेठ



बाजुरा र हुम्ला सीमा विवाद घटनामा संलग्न भएको भन्दै २३ जनाविरुद्ध किटानी जाहेरी परेको छ । जिल्ला प्रहरी कार्यालय बाजुराका अनुसार स्थानीय, जनप्रतिनिधि, कर्मचारी र पर्यटकमाथि कुटपिट गरेको आरोपमा हुम्लाका २३ जनाविरुद्ध जाहेरी परेको हो ।

जिल्ला प्रहरी प्रमुख डीएसपी शैलेश्वरी बोहराका अनुसार २३ जनालाई पक्राउ गरेर घटनाको अनुसन्धान गर्न हुम्ला प्रहरीसँग समन्वय भइरहेको जानकारी दिइन् । '२३ जनाकै नाम खुलिसकेको छ, उनीहरूमध्ये २० जनाको ठेगाना खुलेको छैन,' डीएसपी बोहराले भनिन्, 'घटनामा घाइते भएका मीनु कुँवरका बुवाले किटानी जाहेरी दिएका हुन् ।'

कुँवरको टूमा सेन्टरमा उपचार भइरहेको छ । हिमाली गाउँपालिका- ३ लाम्पाटामा प्रहरी चौकी स्थापनाको विषयमा विवाद हुँदा जेठ २ गतेदेखि ५ गतेसम्म स्थानीय बासिन्दा, जनप्रतिनिधि, कर्मचारीमाथि कुटपिट भएको थियो भने पर्यटकलाई रानीसैन (साइपाल हिमालको पूर्वी बेस क्याम्प) भ्रमणमा अवरोध गरिएको थियो । घटनामा हुम्लाको खार्पुनाथ गाउँपालिका- २ थाली गाउँ र आसपासका बासिन्दाको संलग्नता रहेको आरोप छ ।

डीएसपी बोहराले घटनास्थलमा नेपाल प्रहरी र सशस्त्र प्रहरीको टोली पनि पुगिसकेको जानकारी दिइन् । यस्तै, सरकारले दुई जिल्लाको सीमा सम्बन्धी प्राविधिक पक्षको अध्ययन गरी प्रतिवेदन पेस गर्न नापी विभागका उपमहानिर्देशक सुशील डंगोलको संयोजकत्वमा समिति गठन गरिसकेको छ ।

भूमि व्यवस्था, सहकारी, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्री प्रतिभा रावलको अध्यक्षतामा २०८३ जेठ १० गते सिंहदरबारमा बसेको बैठकले उक्त समिति गठन गर्ने निर्णय गरेको हो । लाम्पाटा र रानीसैन क्षेत्र आ-आफ्नो भूमि रहेको बाजुरा र हुम्लाका बासिन्दाले दाबी गर्दै आएका छन् । विवादित क्षेत्रमा हिमाली गाउँपालिकाले प्रहरी चौकी निर्माण सुरु गरेको भन्दै हुम्लावासीले अवरोध गरेका थिए ।

काँक्रेविहार राष्ट्रिय दैनिक दृष्टिकोण

मंगलवार, १२ जेठ, २०८३
Tuesday, 26 May 2026

सम्पादकीय

सीमा विवाद समाधान गर

बाजुराको हिमाली गाउँपालिकामा भएको कुटपिट, लुटपाट र तोडफोडको घटनाले फेरि एकपटक राज्यको कमजोर उपस्थितिलाई उजागर गरेको छ । स्थानीय विवादको रूपमा सुरू भएको तनाव प्रशासनिक बेवास्ता र सुरक्षात्मक निष्क्रियताका कारण अहिले कर्णाली कोरिडोर बन्दसम्म पुग्नु दुःखद कुरा हो । जब पीडितले न्यायको अनुभूति गर्न सक्दैनन्, तब आन्दोलन र अवरोध नै अन्तिम विकल्प बन्न पुग्छन् । हिमाली युवा क्लबले उठाएका मागहरू यही निराशा र आक्रोशको प्रतिविम्ब हुन् । सीमा विवाद जस्तो संवेदनशील विषयलाई समयमै संवाद र समन्वयबाट समाधान गर्नुपर्ने थियो । तर प्रशासनले प्रारम्भिक चरणमै प्रभावकारी हस्तक्षेप गर्न नसक्दा अवस्था हिंसात्मक मोडमा पुगेको देखिन्छ । स्थानीयका घरमा तोडफोड, खाद्यान्न र नगद लुटपाट, सर्वसाधारणमाथि कुटपिट तथा परिवार विस्थापित हुनुपरेको अवस्था कुनै पनि लोकतान्त्रिक समाजका लागि लज्जास्पद विषय हो ।

यो घटनामा २४ घण्टाभित्र समस्या समाधान गर्ने सहमति कार्यान्वयन हुन नसक्नु प्रशासनिक कमजोरीको स्पष्ट प्रमाण बनेको छ । घटनापछि पीडित समुदाय असुरक्षित महसुस गरिरहेको छ, भने दोषी खुलेआम घुमिरहेका छन् भन्ने गुनासो झन् गम्भीर छ । यदी राज्य संयन्त्रले पीडितलाई सुरक्षा र न्याय दिन सक्दैन भने नागरिकको राज्यप्रतिको विश्वास कमजोर बन्दै जान्छ । यस्तो अवस्था दीर्घकालीन रूपमा सामाजिक द्वन्द्व र अविश्वासको आधार बन्न सक्छ । त्यसैले यो घटनालाई सामान्य झडपको रूपमा हेरेर टार्ने छुट सरकार र प्रशासनलाई छैन । कर्णाली कोरिडोर बन्द हुनु केवल सडक अवरोध होइन, समग्र कर्णाली क्षेत्रको जनजीवन प्रभावित हुनु हो । बाजुरा र हुम्लाजस्ता दुर्गम जिल्लाका नागरिक दैनिक उपभोग्य वस्तु, स्वास्थ्य सेवा र यातायातका लागि यही सडकमा निर्भर छन् । तर आन्दोलनको प्रत्यक्ष असर सर्वसाधारणमाथि परेको छ ।

कर्णाली कोरिडोर बनदले यात्रु बीच बाटोमा अलपत्र पर्नु र ढुवानी ठप्प हुनु राज्यको असफल व्यवस्थापनको परिणाम हो । समस्या समाधानमा ढिलाइ हुँदा जनताको दुःख झन् बढ्ने निश्चित छ । यस अवस्थामा सबैभन्दा पहिले निष्पक्ष छानबिन आवश्यक छ । घटनामा संलग्न जो-कोही भए पनि कानुनी दायरामा ल्याउनु पर्छ । पीडित परिवारलाई क्षतिपूर्ति, विस्थापितलाई सुरक्षित पुनःस्थापना र घाइतेहरूको उपचार सुनिश्चित गर्नु राज्यको दायित्व हो । साथै स्थानीय तह, प्रशासन, सुरक्षा निकाय र समुदायबीच विश्वास पुनःस्थापना गर्न खुला संवाद आवश्यक छ । कर्णालीका नागरिकले वर्षौंदेखि राज्यको उपेक्षा भोग्दै आएका छन् । विकास, सुरक्षा र सेवाको अभावले थिचिएको समाजमा जब अन्यायको अनुभूति थपिन्छ, तब असन्तोष विस्फोट हुनु स्वाभाविक हो । त्यसैले अहिलेको आवश्यकता आन्दोलन रोक्नु मात्रै होइन, न्यायपूर्ण समाधान दिनु पनि हो । राज्यले संवेदनशीलता, तत्परता र निष्पक्षता देखाउन सके मात्र कर्णालीमा शान्ति र विश्वास पुनःस्थापित हुन सक्छ ।

राज्यले सधैँ झुलाइरह्यो, अब भ्रममा पर्दैनौँ



✍ प्रेम गुरूङ

यो देशको नागरिक भएपछि कम्तीमा एक टुक्रा जमिन हाम्रो पनि हुनुपर्छ भनेर हामी लडेको दशकौँ बित्यो । संविधान पढ्ने हो भने यति सानो अधिकारका लागि कोही नागरिक लड्नै पर्दैनथ्यो, तर संविधान कसैले कार्यान्वयन गर्न चाहेनन् । हामी गाँस, बास र कपासका लागि लडिरहेका छौँ । हाम्रो एउटामात्रै सपना छ- आफ्नै नाममा एक टुक्रा जमिन, घामपानी छेक्ने एउटा छाप्रो र सन्तानको सुरक्षित भविष्य ।

यसकै लडाइँमा लागेको आज २३ वर्ष बितिसक्दा पनि हाम्रो हातमा लालपुर्जा त के, नागरिकको हैसियतसम्म पनि राज्यले दिएको छैन । हामीसँग नागरिकता छ, तर नागरिकतामात्रै नागरिक हुने प्रमाण होइन रहेछ । जब देशमा बस्ने वातावरण नै हामीले पाएका छैनौँ भने त्यो नागरिकताले मात्रै खान दिँदैन रहेछ ।

कास्कीको सुकुमबासी बस्ती हजारौँ मानिसको पसिना र आँसुले सिँचिएको छ । बाहिर हेर्दा जग्गा हडपेर बसेको अपराधीजस्तो प्रमाणित गर्न खोजिएको छ । हामी अपराधी होइनौँ भन्न पनि आफैँ सडकमा उत्रिनुपर्छ । तथ्यपरक रूपमा भन्नुपर्दा, पोखरा महानगरपालिकाका विभिन्न क्षेत्रमा वर्षौंदेखि बसोबास गर्दै आएका सुकुमबासी बस्तीमा अहिले एउटा डरको बादल मडारिएको छ ।

राज्यले सुकुमबासीको नाममा लगत लिने, फाइल उठाउने र कहिलेकाहीँ जग्गाको नापजाँच गर्ने गर्छ । यो प्रयास राम्रै हो ।

हाम्रो बस्तीमा डोजर आतङ्कको त्रास छ । राज्यले जुन दिनदेखि यी जग्गामा डोजर चलाउने कुरा गरेको छ, त्यो दिनदेखि हामी निदाउन सकेका छैनौँ ।

कतिपय ठाउँमा २३ वर्ष, कतिपय ठाउँमा ५० वर्षभन्दा बढी समयदेखि यहाँ बस्दै आएका छौँ । हामी यहाँ रहरले आएका होइनौँ नि ! देशको गरिबी र तत्कालीन द्वन्द्वले लखेटिएर आएका हौँ । रहरले यस्तो ठाउँमा कोही बस्न खोज्दैन । हाम्रै तथ्याङ्क अनुसार पनि कास्कीभर ३० हजारभन्दा बढी भूमिहीन र सुकुमबासी तथा अव्यवस्थित बसोबासी छन् । करिब २५ हजार जति राज्यको पहुँचमा आएका छन् । बाँकी अझै राज्यको तथ्याङ्कबाट बाहिर छन् ।

पोखरा महानगरपालिकाले पनि करिब २० हजारलाई निस्सा नै वितरण गरिसकेको छ । सुकुमबासी र भूमिहीन दलितभन्दा बढी टड्कारो समस्या कास्कीमा चाहिँ अव्यवस्थित बसोबासीहरूको छ । झन्डै ५० प्रतिशत नागरिक अव्यवस्थित बसोबासी छन् ।

राज्यसँग हाम्रो एउटा प्रश्न छ, ‘ एउटा गरिबले बर्सौं लगाएर बनाएको झुप्रो भत्काउँदा कुन विकास हुन्छ ? के सुकुमबासी बस्तीलाई व्यवस्थित नगरी हटाउनु नै विकास हो ? हामी विकासका विरोधी होइनौँ, हामी त व्यवस्थित बसोबासका पक्षपाती हौँ ।

पोखरामा एउटा अन्तर्राष्ट्रिय स्तरको बसपार्क बनोस् भन्ने हाम्रो पनि चाहना छ । हामीले पटक-पटक मेयर सा’बदेखि स्थानीय जनप्रतिनिधिसम्मलाई भेट्यौँ, छलफल गर्‍यौँ । जब महानगरपालिकाले वैशाख ४ गते ३५ दिने सूचना जारी गर्‍यो त्यसपछि १२ गते हामीले अधिकारको लडाइँका लागि सङ्घर्ष समिति गठन गर्‍यौँ ।

२१ गते विशाल प्रदर्शनसहित ज्ञापनपत्र बुझाइयो । मेयरले सङ्घर्ष समितिलाई सहजीकरण समिति बनाएर वार्ता गर्न आउनुस् भनेपछि हामीले सङ्घर्ष समितिलाई सहजीकरण समिति बनायौँ ।

२३ गतेको बैठकले सहजीकरण समिति गठन त गरियो, तर जुन हिसाबले सरकारको तर्फबाट सहजीकरण हुनुपर्ने हो, त्यो भइरहेको छैन । हामीलाई राज्यले झुक्याइरहेको छ । कास्कीको सन्दर्भमा कुरा गर्दा यहाँ सुकुमबासीको नाममा राज्यले गरेको व्यवहार निकै विभेदकारी छ । यहीबिचमा सुकुमबासी र भूमीहिनहरूको लगत लिइएको छ ।

बसपार्कबाट मात्रै झन्डै ६ सय जनाले निवेदन बुझाएका छन् । अब उनीहरूको निवेदनमात्रै लिने हो कि व्यवस्थापन पनि गर्ने हो ?

सुकुमबासी बस्तीको व्यवस्थापन कसरी हुनुपर्छ भन्ने सन्दर्भमा हामी सबैको विशेष चासो छ । पटक-पटकको वार्तामा पनि सरकारको तर्फबाट विकल्प पाउनुहुन्छ भनेका छन्, तर के विकल्प भन्ने क्लियर छैन ।

हाम्रो चाहना कुनै दान वा उपहार होइन भन्ने राज्यले बुझोस् । यो त नागरिकको अधिकार हो, संवैधानिक अधिकार । हामी राज्यको ढुकुटीमा बोझ बन्न चाहँदैनौँ । व्यवस्थापनको प्रक्रियामा हाम्रो पहिलो शर्त जहाँ छौँ, त्यही वडामा व्यवस्थापन गरियोस् भन्ने हो । धेरैले वडा नम्बर ९ बाट घटनादर्ता गरेका छन् । सबै राज्यका डकुमेण्टहरू यही वडाका छन् । तसर्थ ९ नम्बर वडाकै कुनै ठाउँमा हामीलाई सारियोस् भन्ने हाम्रो माग छ । बस्तीको उचित नापी-नक्सा गरी वैज्ञानिक विधिबाट जग्गाको स्वामित्व प्रदान गरिनुपर्छ ।

यदि प्राविधिक वा सुरक्षाका हिसाबले त्यो ठाउँमा बस्न नमिल्ने अवस्था छ भने राज्यले महानगरभित्रकै सुकुमबासीको पनि चित्त बुझ्ने गरी स्थानान्तरण गर्नुपर्छ, तर यो सबै वार्ता र संवादको माध्यमबाट हुन्छ । जब हामी सङ्घर्ष समितिलाई सहजीकरण समिति बनाउन तयार भयौँ भने राज्यले यसलाई कमजोरी ठान्न हुँदैन ।

कतै कमजोर पार्ने प्रयास भयो भने सङ्घर्ष समिति ब्युँतिन सक्छ । हामी हाम्रा अधिकार प्राप्तिका लागि सबै तहको सङ्घर्ष गर्न तयार छौँ । यो ठाउँबाट सरेपछि सारिएको ठाउँमा जीविकोपार्जनका लागि आवश्यक पूर्वाधार, विद्यालय, स्वास्थ्य केन्द्र र सुरक्षाको वातावरण हुनुपर्छ ।

महानगरपालिकालाई बारम्बार यही भनिरहेका छौँ । हाम्रो प्रमुख माग सुकुमबासीका नाममा बसेका हुकुमबासीहरूको अनुसन्धान हो । वास्तविक र भूमिहीन परिवारलाई पहिचान गरी तिनीहरूको व्यवस्थापन हुनुपर्छ । त्यसबाहेक हुकुमबासीको पक्षमा हामी छैनौँ । उनीहरूलाई त कारबाही नै गर्दा पनि हुन्छ । व्यवस्थापनको नाममा गरिबलाई धकेल्ने वा तर्साउने कामले मात्र समाधान निस्कँदैन ।

के हुन् हाम्रा माग ?

१. अव्यवस्थित बसोबासी र वास्तविक सुकुमबासी र नक्कली सुकुमबासीको वर्गीकरण तत्काल गरियोस् ।

२. जहाँ दशकौँदेखि बसिरहेका छौँ, त्यहाँको जग्गाको स्वामित्व दिइयोस् । नसक्ने भए सम्बन्धित वडाकै उपयुक्त ठाउँमा स्थानान्तरण होस् ।

३. पहुँच हुनेहरूले गरेको अतिक्रमणलाई संरक्षण गर्ने तर गरिबको झुपडीमा डोजर चलाउने नीति तत्काल बन्द गरियोस् ।

आजसम्म राज्यले हामीमाथि राजनीति मात्रै गर्दै आयो । सुकुमबासी बस्ती भोट बैंक हुन् भनेर कमजोर बनाइयो । यो निरन्तरता अब तोडियोस् । पोखरा बसपार्क लगायत महत्वपूर्ण विकास निर्माण हुने ठाउँको जग्गा छोड्न हामी तयार छौँ । हाम्रो उचित व्यवस्थापन पहिलो शर्त हो ।

राज्यबाट हाम्रो रगत, पसिना र बालबच्चाको भविष्यमाथि राजनीति गरिएको छ । यदि हाम्रा मागहरूलाई राज्यले अझै बेवास्ता गर्‍यो भने सङ्घर्ष अझै कडा बनाउने छौँ । यो हाम्रो पनि अस्तित्वको लडाइँ हो । राज्यसँग संवादबाटै समाधानको माग हामी गर्छौँ । यो पूरा हुन्छ भन्ने विश्वास छ ।

(लेखक सुकुमबासी संघर्ष समिति कास्कीका संयोजक हुन् । पछिल्लो समय उनी सहजीकरण समितिको संयोजक बनेका छन् ।)

रोग निगरानी अभिमुखीकरण कार्यक्रम

काँक्रेविहार संवाददाता

जुम्ला, ११ जेठ

नेपाल सरकारले स्वास्थ्य जोखिमको शीघ्र पहिचान र नियन्त्रणलाई प्रभावकारी बनाउन जुम्लामा “समुदायमा आधारित रोग निगरानी निर्देशिका, २०८२” कार्यान्वयनमा ल्याएको छ । सोही निर्देशिका अनुसार महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका तथा सरोकारवालालाई लक्षित गर्दै अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिएको छ ।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका अनुसार संक्रामक रोग, महामारी तथा जलवायु परिवर्तनका कारण उत्पन्न हुन सक्ने स्वास्थ्य जोखिमहरू समुदायस्तरमै पहिचान गरी तत्काल सूचना प्रवाह र प्रतिकार्य गर्न यो प्रणाली सुरु गरिएको हो ।

यसले विशेषगरी ग्रामीण तथा दुर्गम क्षेत्रमा रोगको प्रारम्भिक चरणमै नियन्त्रण गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ ।

अभिमुखीकरण कार्यक्रममा समुदायमा देखिने अनपेक्षित स्वास्थ्य समस्या, संक्रामक रोगका लक्षण समूह (Cluster) तथा सम्भावित महामारीजन्य घटनाको पहिचान गर्ने विधिबारे विस्तृत जानकारी दिइएको थियो ।

प्रारम्भिक संकेतमै रोग पहिचान गर्न सकिएमा ठूलो



स्तरको संक्रमण फैलिन नदिने विषयमा पनि जोड दिइएको सहभागीहरूले बताएका छन् ।

निर्देशिका अनुसार महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका, विद्यालयका शिक्षक, सामाजिक अगुवा तथा स्थानीय समुदायका सक्रिय व्यक्तिहरूलाई यस प्रणालीका प्रमुख सहजकर्ता (Facilitator) का रूपमा परिचालन गरिनेछ ।

उनीहरूले समुदायमा देखिने कुनै पनि असामान्य स्वास्थ्य घटना वा रोगको लक्षणबारे तत्काल सम्बन्धित स्वास्थ्य संस्था तथा स्थानीय तहलाई जानकारी गराउने जिम्मेवारी पाउनेछन् ।

सूचना संकलन र प्रवाहलाई प्रभावकारी बनाउन स्थानीय तह, स्वास्थ्य संस्था र समुदायबीच समन्वय सुदृढ गरिएको छ ।

कुनै पनि स्थानमा संक्रामक रोग वा अनपेक्षित स्वास्थ्य घटना देखिएमा सहजकर्तामार्फत तुरुन्तै सम्बन्धित निकायसम्म सूचना पुग्ने व्यवस्था मिलाइएको छ ।

स्वास्थ्य मन्त्रालयका अधिकारीहरूका अनुसार यो प्रणाली लागू भएपछि स्वास्थ्य जोखिमको पहिचान समयमै हुने, उपचारमा ढिलाइ कम हुने तथा महामारी फैलिन नदिने क्षमता वृद्धि हुने विश्वास गरिएको छ ।

विशेषगरी दुर्गम क्षेत्रमा स्वास्थ्य सेवाको पहुँच सुधार गर्न यो प्रणाली महत्वपूर्ण हुने अपेक्षा गरिएको छ । कार्यक्रममा सहभागी महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरूले समुदायमा स्वास्थ्य सचेतना फैलाउने, प्रारम्भिक लक्षण पहिचान गर्ने र आवश्यक परेमा तत्काल स्वास्थ्य संस्थासँग समन्वय गर्ने प्रतिबद्धता जनाएका छन् ।

सरकारले यो प्रणालीलाई देशभर विस्तार गर्दै स्वास्थ्य सेवा सुदृढीकरण, महामारी नियन्त्रण तथा समुदायस्तरको स्वास्थ्य सुरक्षालाई अझ प्रभावकारी बनाउने लक्ष्य लिएको जनाएको छ ।

राजमार्गको मुख्य खुर्राखोला पुल वर्षौंदेखी अलपत्र

काँक्रेविहार संवाददाता
दैलेख, ११ जेठ



कर्णाली राजमार्ग अन्तर्गत आठबिस नगरपालिका पाँच स्थित मालाचौरमा निर्माणाधीन खुर्राखोला पुल चार वर्ष बितिसक्दा पनि सम्पन्न हुन सकेको छैन ।

निर्धारित समयमै पुल निर्माण नहुँदा स्थानीयवासी तथा यात्रुहरू बर्सेनि सास्ती खेप्न बाध्य भएका छन् । सडक डिभिजन कार्यालय सुर्खेतले २०७९ जेठ २८ गते टिडिआर कन्स्ट्रक्सन प्रालि सँग २० मिटर लम्बाइ र ११ मिटर चौडाइको पुल निर्माणका लागि छ करोड ३७ लाख ५१ हजार रुपैयाँमा सम्झौता गरेको थियो ।

सम्झौता अनुसार एक वर्षभित्र निर्माण सम्पन्न गर्नुपर्ने भए पनि चार वर्षसम्म कामले गति लिन सकेको छैन ।

निर्माण कम्पनीलाई थपिएको म्याद २०८१ मङ्सिर २८ गते सकिँदासमेत पुलको भौतिक प्रगति करिब १२ प्रतिशत मात्र पुगेको छ ।

निर्माण कार्य प्रभावकारी रूपमा अघि नबढे पनि कम्पनीले ८१ लाख ४२ हजार तिन सय ३९ रुपैयाँ भुक्तानी लिइसकेको बताइएको छ ।

स्थानीयवासीले काममा ढिलासुस्ती गर्ने निर्माण कम्पनीलाई कारबाही गर्न सम्बन्धित निकायले चासो नदेखाएको आरोप लगाएका छन् । पुल निर्माणका लागि सुरुआतमै स्थानीय बस्ती हटाइए पनि लामो समयसम्म काम अलपत्र पर्दा स्थानीयमा असन्तोष बढ्दै गएको छ ।

स्थानीय मयराम जैसीका अनुसार पुल निर्माण सुरु भएपछि विकासको आशा गरिएको थियो, तर वर्षौंसम्म काम नहुँदा स्थानीय निराश बनेका छन् ।

उनले समयमै निर्माण सम्पन्न गर्न सम्बन्धित निकायले कडाइ गर्नुपर्ने माग गरे । त्यस्तै आठबिस नगरपालिका पाँचका स्थानीय रवि विष्टले पुल नबन्दा विशेषगरी बर्खायाममा आवतजावत निकै जोखिमपूर्ण हुने गरेको बताए ।

पुल अभावका कारण स्वास्थ्य सेवा, शिक्षा, कृषि उत्पादन ढुवानी तथा दैनिक जनजीवनसमेत प्रभावित भएको उहाँको भनाइ छ ।

कर्णाली राजमार्ग जस्तो महत्त्वपूर्ण सडकखण्डमा पर्ने पुल लामो समयसम्म अधुरो रहँदा यात्रु तथा स्थानीयले ठूलो सास्ती भोग्नुपरेको छ ।

स्थानीयले अब तत्काल निर्माण कार्य तीव्र पारेर पुल सम्पन्न गर्न सरकार र सम्बन्धित निकायसँग माग गरेका छन् ।

बादी समुदायको गुनासो, सहमति कागजमै सीमित

काँक्रेविहार संवाददाता
सुर्खेत, ११ जेठ



कर्णाली प्रदेशमा बसोबास गर्ने बादी समुदाय राज्य तथा प्रदेश सरकारको बेवास्ताका कारण निरन्तर समस्यामा परेका छन् ।

छ वर्षअघि विभिन्न माग राख्दै १७ दिनसम्म आन्दोलन गरेपछि प्रदेश सरकारसँग भएको पाँच बुँदे सहमति अझै कार्यान्वयन नहुँदा समुदायमा गहिरो निराशा छाएको छ ।

त्यतिबेला मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय अगाडि धर्ना बसेका बादी समुदायसँग कर्णाली प्रदेश सरकारले लिखित सहमति गरेको थियो ।

तर लामो समय बितिसक्दा पनि सहमतिअनुसारका कार्यक्रमहरू व्यवहारमा नआएको उनीहरूको आरोप छ ।

समुदायका अगुवा हिक्मत बादीका अनुसार सरकारले सहमतिअनुसार कुनै पनि ठोस कार्यक्रम अघि नबढाएको कारण समुदाय झन् समस्यामा परेको छ ।

“हामीले जे सहमति गरेका थियौं, त्यसअनुसार प्रदेश सरकारले कुनै काम अघि बढाएन,” उनले बताए । उनका अनुसार अब आफूहरू आफ्नो समस्या संघीय सरकारसमक्ष पुऱ्याउन काठमाडौं जाने तयारीमा छन् ।

प्रदेश सरकारले भने बादी समुदाय लक्षित केही कार्यक्रम सञ्चालन गर्ने बताउँदै आएको छ । सामाजिक विकास मन्त्रालयका योजना महाशाखा प्रमुख सुवर्ण खड्काका अनुसार ‘नाना, खाना र छाना’ कार्यक्रम अन्तर्गत आय-आर्जनका गतिविधि सञ्चालन गरिने योजना छ । साथै, पाँच बुँदे सहमतिमध्ये सामाजिक विकास मन्त्रालयसँग सम्बन्धित बुँदा कार्यान्वयनका लागि कार्यविधि बनाइएको पनि उनले जानकारी दिए ।

मन्त्रालयका अनुसार हाल कर्णाली प्रदेशभरका बादी समुदायका करिब एक सय ८० जना बालबालिकालाई शिक्षा पहुँचमा सहयोग पुऱ्याउने कार्यक्रम सञ्चालन भइरहेको छ ।

त्यस्तै, बादी समुदायले खेतियोग्य जमिन उपलब्ध गराउन माग गरेपछि भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले संघीय सरकारलाई पत्राचार गरिएको जनाएको छ ।

भूमिहीनताको समस्या समाधानका लागि संघीय तहमा पहल भइरहेको मन्त्रालयको भनाइ छ । समुदायका युवा व्यवसायीलाई सीपमूलक तालिम तथा घुम्ती कोषमार्फत १० लाख रुपैयाँ सम्मको ऋणमा ब्याज अनुदान दिने सहमति पनि भएको थियो ।

उक्त कार्यक्रम प्रभावकारी रूपमा कार्यान्वयन नभएको समुदायको गुनासो छ । त्यस्तै, बादी समुदायको यथार्थपरक अवस्था अध्ययन गर्न कार्यदल गठन गर्ने सहमति भए पनि हालसम्म कुनै प्रतिवेदन तयार हुन नसकेको बताइएको छ ।

लामो समयदेखि गास, बास र जमिनको समस्यामा रहेका बादी समुदायले पटक-पटक आश्वासन मात्रै पाएको भन्दै असन्तुष्टि व्यक्त गर्दै आएका छन् ।

राज्यले गरेको लिखित सहमति कार्यान्वयन नहुँदा उनीहरूको जीवनस्तरमा सुधार आउन नसकेको समुदायको भनाइ छ ।

प्रदेश सरकारले समस्या समाधानमा ढिलाइ गरेपछि अब संघीय सरकारको ध्यानाकर्षण गराउन काठमाडौं केन्द्रित आन्दोलन गर्ने तयारी भइरहेको हिक्मत बादीले बताएका छन् ।

समग्रमा, कर्णालीका बादी समुदाय अझै पनि भूमिहीनता, रोजगारी अभाव र आधारभूत सुविधाको कमीले प्रभावित छन् । सरकारले गरेका सहमति कार्यान्वयन नहुँदा उनीहरूको जीवन अझै पनि अनिश्चित र संघर्षपूर्ण बनेको देखिन्छ ।

कुलोबाट आधुनिक घट्ट सञ्चालनमा

काँक्रेविहार संवाददाता
हुम्ला, ११ जेठ



हिमाली जिल्ला हुम्ला जिल्ला अन्तर्गत रहेको सर्केगार्ड गाउँपालिका तिन स्थित गुसाँ गाउँमा आधुनिक घट्ट सञ्चालनमा आएको छ ।

पक्की कुलो र पाइपलाइनसहित निर्माण गरिएको उक्त आधुनिक घट्ट सञ्चालनमा आएपछि स्थानीयवासीको दैनिकी सहज बनेको छ ।

पहिले गुसाँ गाउँका बासिन्दा अन्न पिस्नका लागि लामो दूरी पार गरेर सर्केगार्ड गाउँपालिका चार स्थित मुण्डी गाउँको नागड खोलामा रहेको परम्परागत घट्टसम्म पुग्नुपर्ने बाध्यता थियो । उक्त स्थान सम्म पुग्न करिब साढे दुई घण्टा उकालो-ओरालो पैदल यात्रा गर्नुपर्ने भएकाले विशेषगरी महिला, ज्येष्ठ नागरिक तथा किसानहरूलाई ठूलो सास्ती हुने गरेको थियो ।

गाउँमै आधुनिक घट्ट सञ्चालन भएपछि समय, श्रम र खर्च तीनै पक्षमा राहत मिलेको स्थानीयले बताएका छन् ।

स्थानीय दान बहादुर फडेराका अनुसार पहिले अन्न पिस्न दिनभरि समय छुट्याउनुपर्ने अवस्था थियो, तर अहिले गाउँमै सुविधा भएपछि दैनिक कामकाज सजिलो भएको छ । उनले आधुनिक घट्टले गाउँको उत्पादन प्रणाली र जीवनशैली दुवैमा सकारात्मक परिवर्तन ल्याएको बताए । वडा अध्यक्ष अकिल कार्कीका अनुसार गुसाँ गाउँमा रहेको कर्क्यानी कोडेमुल थराको मुहानबाट पानी ल्याएर आधुनिक घट्ट सञ्चालन गरिएको हो । उक्त योजनाअन्तर्गत ८० मिटर लामो पक्की कुलो र एक सय मिटर पाइपलाइन निर्माण गरिएको छ ।

साना संरचनाहरू भए पनि यसले गाउँको दीर्घकालीन आवश्यकतालाई सम्बोधन गरेको उनको भनाइ छ । उक्त योजना साढे एक महिनाको छोटो अवधिमा सम्पन्न गरिएको हो ।

निर्माण कार्यमा करिब ३० घरधुरीका स्थानीय बेरोजगार नागरिकहरू स्वयं सहभागी भएका थिए । श्रममा आधारित यो परियोजनाले स्थानीयलाई रोजगारीको अवसर समेत प्रदान गरेको छ । मुख्यमन्त्री रोजगार कार्यक्रम अन्तर्गत विनियोजित २० लाख रुपैयाँ बजेटबाट उक्त आधुनिक घट्ट निर्माण तथा सञ्चालनमा ल्याइएको हो ।

यस कार्यक्रमले स्थानीय पूर्वाधार विकाससँगै रोजगारी सिर्जनामा पनि सहयोग पुऱ्याएको जनाइएको छ । यस योजनाबाट गुसाँ गाउँका करिब दुई सय ५० घरधुरी प्रत्यक्ष रूपमा लाभान्वित भएका छन् । स्थानीय तहका अनुसार आधुनिक घट्ट सञ्चालन भएपछि गाउँलेहरू अब परम्परागत र कठिन बाटो प्रयोग गर्न बाध्य छैनन् । विशेषगरी कृषि उत्पादन प्रशोधनमा सहजता आएको छ, जसले स्थानीय अर्थतन्त्रमा पनि सकारात्मक प्रभाव पार्ने अपेक्षा गरिएको छ । पहिले साना र अस्थायी संरचनामा बजेट खर्च हुने गरेको गुनासो रहँदै आएको अवस्थामा यस पटक भने दीर्घकालीन र उपयोगी पूर्वाधार निर्माण गरिएको वडा कार्यालयको भनाइ छ ।

आयुर्वेद शिविरबाट तीन सय ८४ लाभान्वित

काँक्रेविहार संवाददाता
रूकुमपश्चिम, ११ जेठ



सानिभेरी गाउँपालिका चार स्थित गरायला स्वास्थ्य चौकीमा सञ्चालन गरिएको निःशुल्क आयुर्वेद स्वास्थ्य शिविर सम्पन्न भएको छ ।

एकदिने शिविरमा स्थानीयवासीको उल्लेखनीय सहभागिता रहेको थियो । आयुर्वेद स्वास्थ्य केन्द्र को आयोजना तथा सानीभेरी गाउँपालिकाको समन्वयमा सञ्चालन गरिएको शिविरबाट कुल तिन सय ८४ जनाले स्वास्थ्य सेवा लिएका छन् ।

आयुर्वेद स्वास्थ्य केन्द्रका प्रमुख डा. महेन्द्र खड्का का अनुसार सेवा लिनेमा दुई सय २१ महिला र एक सय ६३ पुरुष रहेका छन् भने एक सय ५४ जना ज्येष्ठ नागरिक रहेका थिए ।

गाउँमै पुगेर विशेषज्ञ स्वास्थ्य सेवा उपलब्ध गराइएपछि स्थानीय सेवाग्राही लाभान्वित भएका छन् । शिविरमा कविराज निरीक्षक सञ्जय साह सहित जिल्लाका विभिन्न पालिकामा कार्यरत आयुर्वेद स्वास्थ्यकर्मीहरूले स्वास्थ्य परीक्षण तथा परामर्श सेवा दिएका थिए ।

शिविरमा अम्लपित्त, पेटसम्बन्धी रोग, श्वासप्रश्वास समस्या, खोकी, पिनास, छातीसम्बन्धी समस्या, हाडजोर्नी तथा नसासम्बन्धी रोग, पुरानो वात, पाठेघर सम्बन्धी समस्या, पाइल्स, फिसर, फिस्टुला, मधुमेह र उच्च रक्तचाप लगायत रोगको परीक्षण गरिएको थियो ।

सेवाग्राहीलाई निःशुल्क औषधिसमेत वितरण गरिएको आयुर्वेद स्वास्थ्य केन्द्र रुकुम पश्चिम ले जनाएको छ ।

गाउँपालिका अध्यक्ष विष्ट ले दुर्गम क्षेत्रका नागरिकलाई गाउँमै स्वास्थ्य सेवा उपलब्ध गराइएकोमा खुशी व्यक्त गर्दै पछिल्लो समय आयुर्वेद उपचार पद्धतिप्रति नागरिकको विश्वास र पहुँच दुवै बढ्दै गएको बताए । उनले आयुर्वेद सेवाको प्रभावकारिता अझ विस्तार गर्न आवश्यक रहेको धारणा व्यक्त गरे ।

डिजिटल युगको विश्वसनीय आवाज
www.kankrebihar.com

वीरेन्द्रनगरमा पानीको संकट



काँक्रेविहार संवाददाता
वीरेन्द्रनगर, ११ जेठ

कर्णाली प्रदेशको राजधानी वीरेन्द्रनगर मा हरेक वर्षजस्तै यस वर्ष पनि गर्मीयाम सुरु भएसँगै खानेपानीको संकट चर्किएको छ ।

मुहानमा पानीको स्रोत निरन्तर घट्दै गएपछि यहाँका स्थानीयवासी दैनिक उपभोगका लागि आवश्यक पानी जुटाउन संघर्ष गर्न बाध्य भएका छन् ।

पानी अभावका कारण बिहानदेखि बेलुकासम्म धारामा पानी आउने प्रतीक्षामा बस्नुपर्ने अवस्था सिर्जना भएको छ भने कतिपय परिवारले ट्यांकर र वैकल्पिक स्रोतको सहारा लिन थालेका छन् ।

वीरेन्द्रनगर उपत्यकामा खानेपानी वितरणको जिम्मेवारी सम्हाल्दै आएको सुर्खेत उपत्यका खानेपानी उपभोक्ता संस्था ले हाल झुप्राखोला, खरीखोला, बोरीखोला तथा आसपासका साना मुहानबाट संकलन गरिएको पानी वितरण गर्दै आएको छ ।

गर्मी बढेसँगै ती मुहानमा पानीको मात्रा उल्लेखनीय रूपमा घटेपछि संस्थाले मागअनुसार पानी उपलब्ध गराउन सकेको छैन। संस्थाका अनुसार अहिले मुहानमा करिब ४० प्रतिशत पानी घटेको छ ।

गर्मी मौसममा हरेक वर्ष पानी आपूर्तिमा करिब ५० प्रतिशतसम्म कमी आउने गरेको बताइन्छ। यही कारण संस्थाले अहिले ४८ घण्टाको फरकमा पानी वितरण गर्ने तालिका बनाएको छ । तर उपभोक्ताहरूका अनुसार व्यवहारमा त्यो तालिका पनि प्रभावकारी हुन सकेको छैन । धेरै ठाउँमा चारदेखि पाँच दिनसम्म पनि धारामा पानी नआउने समस्या रहेको छ ।

विशेषगरी घना बस्ती भएका क्षेत्रहरूमा पानीको अभाव झन् बढी देखिएको छ । स्थानीयवासीले दैनिक घरायसी काम, सरसफाइ, खाना पकाउने तथा पिउने पानीको जोहो गर्न कठिन भइरहेको बताएका छन् ।

वीरेन्द्रनगर छका स्थानीय सगुन नेपालीका अनुसार गर्मी लाग्नासाथ पानीको हाहाकार सुरु हुने गरेको छ । उनले वर्षेनि दोहोरिने समस्या भए पनि दीर्घकालीन समाधान हुन नसकेको गुनासो गरे ।

खानेपानी संकटका कारण कतिपय परिवार बिहानैदेखि सार्वजनिक धारा, इनार तथा ट्यांकरको लाइनमा बस्न बाध्य भएका छन् ।

पानी अभावले विद्यालय, होटल व्यवसाय, साना उद्योग तथा दैनिक जनजीवनसमेत प्रभावित हुन थालेको स्थानीयहरू बताउँछन् ।

समस्या समाधानका लागि वीरेन्द्रनगर नगरपालिका ले बोरिङ मर्मत तथा नयाँ बोरिङ निर्माणमा बजेट विनियोजन गरेको जनाएको छ ।

नगरपालिकाले कर्णाली प्रदेश सरकारसँगको सहकार्यमा समुदायको मागका आधारमा बोरिङ निर्माणका लागि अनुदान उपलब्ध गराउँदै आएको छ ।

नगरपालिकाका अनुसार प्रतिबोरिङ १० देखि १५ लाख रुपैयाँसम्म अनुदान दिने व्यवस्था गरिएको छ । नगर प्रमुख मोहनमाया ढकाल का अनुसार भूमिगत पानीको उपयोगलाई व्यवस्थित बनाउन "भूमिगत स्रोतको पानी निकाल्न तथा उपभोग गर्न अनुमतिपत्र जारी गर्ने निर्देशिका-२०७६" लागू गरिएको छ ।

यस निर्देशिका अनुसार नगरपालिकाको अनुमति लिएर मात्र बोरिङ निर्माण गर्न पाइन्छ । तथ्यांक अनुसार आर्थिक वर्ष २०७७/७८ मा ६१ वटा बोरिङ निर्माणका लागि अनुमति दिइएको थियो । त्यसपछि आर्थिक वर्ष २०७८/७९ मा तीन वटा, २०७९/८० मा २४ वटा, २०८०/८१ मा २२ वटा र २०८१/८२ मा २४ वटा बोरिङ निर्माण भएका छन् ।

चालु आर्थिक वर्षमा थप चार वटा बोरिङ निर्माणका लागि सम्झौता भइसकेको नगरपालिकाले जनाएको छ । यद्यपि, सबै क्षेत्रमा भूमिगत पानी उपलब्ध नभएकाले बोरिङ निर्माण मात्र दीर्घकालीन समाधान बन्न नसक्ने सरोकारवालाहरूको भनाइ छ ।

वीरेन्द्रनगरका वडा नं. दुई देखी १० सम्म निर्माण गरिएका बोरिङबाट पर्याप्त पानी आउने गरेको भए पनि वडा नं.एक लगायतका केही क्षेत्रमा इनार र बोरिङ खन्दा समेत पानी नआउने समस्या देखिएको छ ।

विज्ञहरूका अनुसार वन विनाश, अनियन्त्रित सहरीकरण, जलवायु परिवर्तन र पानीका स्रोत संरक्षणमा कमी आउनु खानेपानी संकटको मुख्य कारण बन्दै गएको छ ।

दीर्घकालीन समाधानका लागि मुहान संरक्षण, वर्षे पानी संकलन, व्यवस्थित वितरण प्रणाली तथा नयाँ जलस्रोतको खोजी आवश्यक रहेको उनीहरूको सुझाव छ ।

स्थानीयवासीले भने हरेक वर्ष दोहोरिने पानी संकट समाधानका लागि सम्बन्धित निकायले दीर्घकालीन योजना लागू गर्नुपर्ने माग गरेका छन् ।

अन्यथा आगामी वर्षहरूमा वीरेन्द्रनगरमा खानेपानीको समस्या अझ गम्भीर बन्न सक्ने चिन्ता व्यक्त गरिएको छ ।

सामाजिक उत्तरदायित्वमा होराइजन एकेडेमी,

काफल बेच्ने महिलाका छोरालाई निःशुल्क शिक्षा



काँक्रेविहार संवाददाता
सुर्खेत, ११ जेठ

सुर्खेतको वीरेन्द्रनगर-३, गण्डकीलाइनस्थित सुर्खेत होराइजन एकेडेमीले केही दिनअघि काफल बेच्ने क्रममा दुर्व्यवहारमा परेकी महिला घमिला चौलागाईंका छोरालाई पूर्ण छात्रवृत्ति प्रदान गरेको छ ।

केही दिनअघि वीरेन्द्रनगर बसपार्क क्षेत्रमा नगर प्रहरीले सडक किनारमा काफल बेच्दै हिँडिरहेकी घमिला चौलागाईंको काफलको डालो सडकमा फालेको भिडियो सामाजिक सञ्जालमा सार्वजनिक भएपछि उक्त घटनाले व्यापक चर्चा र आलोचना पाएको थियो । त्यसपछि विभिन्न क्षेत्रबाट पीडित महिलाप्रति सहानुभूति र सहयोगका आवाज उठिरहेका बेला सुर्खेत होराइजन एकेडेमीले सामाजिक उत्तरदायित्वअन्तर्गत उनको परिवारलाई सहयोग गरेको हो ।

विद्यालयले धर्मदत्त चौलागाईं र घमिला चौलागाईंका कान्छा छोरा कौशल चौलागाईंलाई आगामी तीन वर्षका लागि पूर्ण छात्रवृत्ति प्रदान गर्ने निर्णय गरेको जनाएको छ । हाल कौशल कक्षा ५ मा अध्ययनरत छन् ।

विद्यालय सञ्चालक समितिका अध्यक्ष गणेश कुमार बस्नेतले समाजमा भइरहेका घटनाप्रति शिक्षण संस्था संवेदनशील हुनुपर्ने बताउँदै शिक्षालाई सामाजिक उत्तरदायित्वसँग जोडेर अघि बढाइएको बताए ।

"हाम्रो वरिपरि भइरहेका घटनाक्रमलाई हामी बेवास्ता गर्न सक्दैनौं," अध्यक्ष बस्नेतले भने, "आफ्नो ठाउँबाट समुदायप्रति केही सकारात्मक योगदान गर्न सकियो भने त्यसले समाजमा राम्रो सन्देश दिन्छ भन्ने विश्वासका साथ हामीले यो निर्णय गरेका हौं ।

विद्यालयले आर्थिक अवस्था कमजोर भएका तथा विभिन्न कारणले शिक्षा हासिल गर्न कठिनाइमा रहेका बालबालिकालाई सहयोग गर्ने नीति अन्तर्गत छात्रवृत्ति कार्यक्रमलाई निरन्तरता दिँदै आएको जनाएको छ ।

स्थानीयस्तरमा गरिएको यो सहयोगलाई धेरैले मानवीय संवेदनासँग जोडिएको सकारात्मक कदमका रूपमा लिएका छन् । विद्यालयले शिक्षा केवल पठनपाठनमा सीमित नभई सामाजिक उत्तरदायित्व र मानवीय मूल्यसँग जोडिनुपर्ने धारणा पनि व्यक्त गरेको छ ।

उद्योग खारेजीको सूचना

सूचना प्रकाशित मिति : २०८३/०२/१२

उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, सुर्खेत (साविक घरेलु तथा साना उद्योग विकास समितिको कार्यालय) मा म/हामी **श्री आशा डि.सी**. धनी रहेको, **दर्ता नम्बर** ७०५९/०७७/०७८ बाट **गुर्भाकोट-२ सुर्खेत**मा संचालन हुने गरी दर्ता श्रेस्ता कायम रहेको **डि.सी. कृषि तथा पशुपंक्षी फर्म** नामको प्राइभेट साझेदारी उद्योग मेरो हाम्रो घरायसी/आर्थिक कारणले खारेजी गर्नुपर्ने भएको हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो ३५ (पैंतीस) दिने सूचना प्रकाशन गरिएको छ। यस उद्योगसँग कोही कसैको कुनै प्रकारको बाँकी रहेको भए सूचनाको म्यादभित्र सोको प्रमाण सहित उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, सुर्खेत समक्ष लिखित रुपमा दावी गर्न हुन कर्णाली प्रदेश औद्योगिक व्यवसाय नियमावली २०७९ को नियम १२ को उपनियम (२) बमोजिम जानकारी गराइन्छ ।

अवैध चोरी निकासी नियन्त्रण गरौं ।

- गैरकानुनी रूपमा सामान देश बाहिर लैजाने/ल्याउने कार्य रोकौं,
- शंकास्पद गतिविधि देखे सम्बन्धित निकायमा जानकारी गराऔं,
- वैधानिक प्रक्रियाबाट आयात-निर्यात गरौं,
- कर छलि र तस्करी विरुद्ध सचेत बनौं,
- सीमा क्षेत्र र बजारमा निगरानी बढाऔं,
- प्राकृतिक स्रोत, वन सम्पदा तथा राष्ट्रिय सम्पत्तिको संरक्षण गरौं,

आर्थिक सुशासन कायम गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

प्रयोगशालाबाट छिटो, छरितो तथा भरपर्दो रोग निदान सेवा उपलब्ध गराई रोगको उपचार तथा नियन्त्रण कार्य गरी पशुपंक्षीको उत्पादन तथा उत्पादकत्व बढाई आय आर्जन, खाद्य सुरक्षण र गरिवी निवारणमा टेवा पुऱ्याऔं । पशुपंक्षी रोग र जुनोटिक रोग नियन्त्रण गरी खाद्य तथा जनस्वास्थ्य संरक्षणमा टेवा पुऱ्याऔं ।

पशुपन्छी रोग अन्वेषण प्रयोगशाला
वीरेन्द्रनगर, सुर्खेत

उद्योग खारेजीको सूचना

सूचना प्रकाशित मिति : २०८३/०२/१२

उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, सुर्खेत (साविक घरेलु तथा साना उद्योग विकास समितिको कार्यालय) मा म/हामी **श्री गीता सुवेदी** धनी रहेको, **दर्ता नम्बर** १४०५/०६८/०६९ बाट **वीरेन्द्रनगर-६ सुर्खेत**मा संचालन हुने गरी दर्ता श्रेस्ता कायम रहेको **गायत्री डेरी उद्योग** नामको प्राइभेट साझेदारी उद्योग मेरो हाम्रो घरायसी/आर्थिक कारणले खारेजी गर्नुपर्ने भएको हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो ३५ (पैंतीस) दिने सूचना प्रकाशन गरिएको छ। यस उद्योगसँग कोही कसैको कुनै प्रकारको बाँकी रहेको भए सूचनाको म्यादभित्र सोको प्रमाण सहित उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, सुर्खेत समक्ष लिखित रुपमा दावी गर्न हुन कर्णाली प्रदेश औद्योगिक व्यवसाय नियमावली २०७९ को नियम १२ को उपनियम (२) बमोजिम जानकारी गराइन्छ ।

काँक्रेविहार प्रकाशन प्रा.लि.द्वारा प्रकाशित, प्रधान कार्यालय : वीरेन्द्रनगर-६, सुर्खेत, फोनः ०८३-५९०१११/९८५१३४४७५४/९८६४८८०६००, **Email :** ekankrebihardaily@gmail.com, **web :** kankrebihar.com
सम्पादक : सुशीलराज शर्मा, कार्यकारी सम्पादक : नविन सुवेदी, मुद्रण : मिसन अफसेट प्रेस (बाँके), ग्लोबल अफसेट प्रेस (सुर्खेत)